# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकाश शाखा
## समनपुर, रौतहट
प्रदेश नं २ नेपाल

website : www.gadhimaimun.gov.np इमेल : gadhimaimun@gmail.com


पत्र संख्या :–२०७७/०७८ मिति :–२०७७।०७।१३

चलानी नं. :– १०४५

प्राप्त पत्र संख्या र मिति :–

**विषय :– रासायनिक मल विक्रेता सम्बन्धमा सूचना ।**

प्रस्तुत बिषयमा यस नगरपालिकाको स्थानीय मल वितरण व्यवस्थापन समितिको मिति २०७७।०७।१३ गतेको बैठकको निर्णय अनुसार तथा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा १५ अनुसार यस स्थानीय तहमा विक्रेता नियुक्ति तथा विक्री वितरण सम्बन्धी व्यवस्थाको लागि यस नगरमा रहेको सहकारी संस्था, फर्म वा कम्पनीहरुले मिति २०७७।०७।१४ देखि लागु हुने गरी मिति २०७७।०७।२० गते भित्र देहायका कागजात सहित कार्यालय समयभित्र यस नगरपालिकाको कृषि विकाश शाखामा निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. विक्रेता नियूक्तिको लागि निवेदन ।
२. सहकारी संस्था , फर्म वा कम्पनी दर्ताँका प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिश ।
४. विगतका दुई आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
५. स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपी वा कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
६. अनुभव कार्यदक्षता कार्यक्षमताको विवरण ।
७. नापतौल गर्ने मेशिन, गोदामघर, सुचना प्रविधि लगायतका भौतिक पुर्वाधारको विवरण
८. संस्थाले रासायिनिक मल कारोवार गर्ने कार्यक्षेत्र
९. रासायनिक मल इजाजत लिएको भए प्रमाण पत्रको प्रतिलिपी र विगत २ वर्षको मल वितरणको विवरण
१०. सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपी ।

२०७७।७।१२

नागेन्द्र यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

२०७७।७।१२

Scanned with CamScanner